# लिखु पिके गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चौलाखर्क, सोलुखुम्बु


लिखु पिके गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौलाखर्क, सोलुखुम्बु १ नं. प्रदेश नेपाल

# जग्गा प्राप्ति सम्बन्धि सुचना!!!

प्रथम पटक प्रकाशित मितिः-२०७९/०२/१७

प्रस्तुत विषयमा स्थानिय तह सदस्य निर्वाचन २०७९ पश्चात गठित यस लिखु पिके गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९/०२/१६ गते बसेको पहिलो बैठकको निर्णय नं. २ अनुसार गाउँपालिकाको केन्द्र भाग रहने गरि यसै गाउँपालिकाको वडा नं. ३ काफलेचौर क्षेत्रआसपासमा आधारभुत पूर्वाधार को पहुँच रहेको र प्रशासकिय भवन निर्माणको लागी उपयुक्त हुने एकै स्थानबाट निःशुल्क १० (दश) रोपनि र न्युनतम दररेटमा सःशुल्क १० (दश) रोपनि गरि जम्मा २० (बिस) रोपनि जग्गा प्राप्ति गर्नको लागी सुचना प्रकाशन गर्ने निर्णयानुसार यो सुचना प्रकाशन गरिएको छ।ईच्छुक जग्गाधनिहरुले भुमि सम्बन्धि (आठौं संशोधन) ऐन,२०७६ अनुसारको आफ्नो जग्गाको नाप नक्सा,धनिपुर्जा,नागरिकता प्रमाण पत्र र सःशुल्कको हकमा दररेट समेत प्रस्ट खुलाई यो सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित निवेदन दिनुहुन यसै सुचनामार्फत सुचित गराईन्छ।

.................................

रमेश कुमार कार्की

नि.प्रमुख प्रशासकिय अधिकृत